नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

फोन नं.: ५३२७५७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः-
पत्र संख्याः- ०८२।८३
च. नं.:- ८८८

मितिः २०८२/११/०४
नेपाल संवत्: ११४६ सिल्लागा चतुर्दशी - २९

विषय : वन डढेलो सम्बन्धमा

श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश,
श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश,
श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश,
श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश,
श्री वन निर्देशनालय, कोशी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश,
श्री डिभिजन वन कार्यालय (८४ वटै)।

प्रत्येक वर्ष सुख्खा यामको आगमनसँगै, विशेषगरी फाल्गुन—चैत्र महिनामा, देशभरका वन क्षेत्रहरू वन डढेलोको उच्च जोखिममा पर्ने गरेका छन्। बढ्दो तापक्रम, लामो समयसम्म वर्षा नहुनु तथा मानवीय लापरवाहीका कारण यस अवधिमा वन डढेलोका घटनाहरू उल्लेखनीय रूपमा वृद्धि हुने गरेको अनुभव हामी सबैमा सर्वविदितै छ। यसै सन्दर्भमा हाल केहि स्थानहरुमा वन डढेलोका घटनाहरु सुरु भइसकेको हुँदा सम्पूर्ण डिभिजन वन कार्यालयहरू तथा सम्बन्धित निकायहरुलाई उच्च सतर्कता अपनाउन यो पत्रमार्फत सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु।

विगतका वर्षहरूमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका कार्यहरूमा निरन्तर अग्रपंक्तिमा रहेर योगदान पुऱ्याउनुहुने डिभिजनल वन अधिकृतज्यूहरू, सम्पूर्ण वन कर्मचारीहरू, सशस्त्र वन रक्षकहरू, वन उपभोक्ता समूहका पदाधिकारी तथा सदस्यहरू र स्थानीय समुदाय प्रति विभाग हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछ। सिमित स्रोत—साधन, कठिन भौगोलिक अवस्था तथा जोखिमपूर्ण परिस्थितिको अवस्थामा पनि वन डढेलो नियन्त्रण र आगलागीको सामना गर्न तपाईंहरूबाट देखाइएको समर्पण, साहस र जिम्मेवारी भावना वास्तवमै प्रशंसनीय छ। वन डढेलो विरुद्धको लडाइँमा तपाईंहरूनै वन र वातावरणको पहिलो रक्षा पंक्ति (frontline of defense) हुनुहुन्छ भन्ने कुरा विभागले उच्च सम्मानका साथ स्वीकार गरेको छ।

११/४

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग
फोन नं.: ५३२७५७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति:-
पत्र संख्या:- ०८२/८३
च. नं.:- ८८८

आगामी दिनहरूमा वन डढेलोको जोखिम अझ बढ्ने सम्भावना रहेकाले सबै डिभिजन वन कार्यालयहरू तथा वन उपभोक्ता समुहहरूले पूर्वतयारी, नियमित गस्ती, जोखिमयुक्त क्षेत्रको पहिचान, स्थानीय समुदायसँग समन्वय, प्रारम्भिक सूचना प्रणालीको सुदृढीकरण तथा आपतकालीन प्रतिक्रिया संयन्त्रलाई थप सक्रिय र प्रभावकारी बनाउन आवश्यक देखिन्छ। साथै, वन डढेलोका घटनाहरूको तुरुन्त सूचना प्रवाह, द्रुत प्रतिक्रिया तथा सम्बन्धित निकायसँगको समन्वयमा कुनै कमी हुन नदिन विशेष ध्यान दिन अनुरोध गर्दछु।

यसका साथै वन डढेलो न्यूनीकरण तथा जनचेतना अभिवृद्धिका उद्देश्यले चैत्र १ गतेदेखि चैत्र ७ गतेसम्म "वन डढेलो नियन्त्रण सप्ताह" सबै डिभिजन वन कार्यालयहरूले आ—आफ्नो कार्यक्षेत्रभित्र मनाउने व्यवस्था मिलाउन अनुरोध गर्दछु। उक्त सप्ताह अन्तर्गत वन डढेलोका कारण, जोखिम, न्यूनीकरणका उपाय, सुरक्षित व्यवहार तथा आपतकालीन सम्पर्कबारे सचेतनामूलक कार्यक्रम, समुदाय अभिमुखीकरण, प्रचार—प्रसार, गस्ती तथा सरसफाइ गतिविधिहरू सञ्चालन गर्न समेत अनुरोध गर्दछु।

अन्त्यमा, वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको यस महत्वपूर्ण समयमा सबै डिभिजन वन कार्यालयहरू, वन उपभोक्ता समूहहरू तथा सम्बन्धित निकायबाट उच्च जिम्मेवारी, सतर्कता र समन्वयको अपेक्षा गरिएको छ। यसका साथै वन तथा भू—संरक्षण विभागले भू-उपग्रहमा आधारित वन डढेलो अनुगमन तथा नियन्त्रण कक्ष सञ्चालनमा ल्याएको र सो बाट देशभरका दैनिक वन डढेलोका घटनासम्बन्धी सूचना प्राप्त गर्न सकिने जानकारी गराउँदछु ।

**पुनश्चः वन डढेलोसम्बन्धी जानकारीका लागि मोबाइल नं. ९८०२०३००५८ मा सम्पर्क गर्न सकिनेछ ।**

धिरेन्द्र कुमार प्रधान
महानिर्देशक

**बोधार्थ**

**श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ,**

**श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौ,**

**श्री सामुदायिक वन उपभोक्ता महासंघः** सबै सामुदायिक वन उपभोक्ता समूहहरूलाई जानकारी गराइदिनु हुन अनुरोध गर्दछु।

**श्री साझेदारी वन उपभोक्ता महासंघः** सबै साझेदारी वन उपभोक्ता समूहहरूलाई जानकारी गराइदिनु हुन अनुरोध गर्दछु।